नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक

दो.चौ. सूचना नं. ७

पुन: प्रकाशित मितिः २०७७।१०।२९

**विषयः पुरक अनुदानका लागि उत्पादक कृषक समूहहरुलाई व्यवसाय योजना पेश गर्ने बारे पुन: प्रकाशित सूचना ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई सिन्धुपाल्चोक को आ. व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्भाग ख(२) आयस्तर वृद्धि र विविधिकरण अन्तर्गत आयोजना क्षेत्रका गाउँपालिकाहरुमा गठन तथा दर्ता भई परिचालन भएका उत्पादक कृषक समूहहरुबाट आएका व्यवसाय योजनाहरुमा लगानी गर्न पुरक अनुदानको लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरुलाई साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ मा स्वीकृत भएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र मिति २०७७।१०।२८ गते सम्म आवश्यक कागजातहरु र व्यवसाय योजना सहित रितपूर्वकको आवेदन पेश गर्न सूचना आव्हान गरिएकोमा समय अवधि भित्र आवेदन नपरेको हुँदा यो सूचना मिति २०७७।१०।२९ बाट लागु हुने गरि ३० दिनको समय थप गरि पुन: प्रकाशन गरिएकोछ। साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ मा उल्लेखित परिच्छेद-२ बुदाँ नं. ७ को (क) र (ख) सँग सम्बन्धीत किसिमका व्यवसाय योजना हुनु पर्नेछ ।पुरक अनुदान प्रति व्यवसाय योजनाको लागि आयोजनाको तर्फबाट अधिकतम रु ६ (छ) लाख सम्म र उत्पादक कृषक समूहको लगानी श्रम वा जिन्सी सामग्री वा नगद योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

**व्यवसाय योजनाका लागि पुरक अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्र:**

आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक अन्तर्गतका दोलखा जिल्लाको गाउँपालिकाहरु, कालिञ्चोक गा.पा. वडा १,२,३,४,५,६,७,८,९ र तामाकोशी गा.पा. वडा १,३,४,५,६।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | गाँउपालिका | अनुमानित पुरक अनुदानको संख्या |
|---|---|---|---|
| १ | पुरक अनुदान कार्यक्रम (कृषि/पशुपन्छीको उत्पादकत्वमा सुधार प्रशोधन तथा मूल्य अभिवृद्धि) (अन्य) | कालिञ्चोक गा.पा | ८ (आठ) |
| | | तामाकोशी गा.पा. | ८ (आठ) |

**पेश गर्नु पर्ने कागजातहरु:**

१. गाउँपालिकामा उत्पादक कृषक समूहको दर्ता वा नवीकरण गरेको प्रमाण—पत्रको फोटोकपी ।
२. समूहको स्थायी लेखा नम्वर लिएको प्रमाण—पत्रको फोटोकपी (छनौट पश्चात उपलब्ध गराउनु पर्ने) ।
३. उत्पादक कृषक समूहले जग्गा भाडामा लिएको भए सो को सम्झौता—पत्रको फोटोकपी ।
४. आयोजनाको पुरक अनुदानका लागि व्यवसाय योजना पेश गर्ने विषयमा उत्पादक कृषक समूहको निर्णय र समूहको आधिकारिक व्यक्ति तोकेको माईन्यूटको फोटोकपी ।
५. प्रोडक्टिभ एलायन्सबाट सहजीकरण भएको उपज खरिद बिक्रिको करार सम्झौताको फोटोकपी ।
६. प्रोडक्टिभ पार्टनरहरुको प्रोफाइल प्रमाणिकरणको फोटोकपी ।
७. व्यवसाय योजनाको वातावरणिय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिबद्धता ।
८. समूहको नाममा रहेको बैंक खाता नं. र चेक बुकको फोटोकपी ।
९. आवेदन पेश गर्दा रु. १० (दश) को टिकट टासी पेश गर्ने ।

नोटः

(क) पुरक अनुदान सम्बन्धी विस्तृत जानकारी तथा प्रस्तावको नमुना साथै "साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७" का लागि कार्यालय समयमा आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोकमा र आयोजना क्षेत्रका गाउँपालिकामा कार्यरत सेवा प्रदायक प्राविधिकहरुबाट समेत जानकारी लिन सकिनेछ ।सम्पर्क नं. ९८५११०३१९४ साथै व्यवसाय योजनाहरु छनौट भए नभएको जानकारी आयोजना क्लष्टर इकाईको सूचना पाटीमा हेर्न सकिने छ ।

(ख) यो प्रस्ताव आव्हानमा आयोजना भित्रका आयोजना सम्बन्धक उत्पादक कृषक समूहहरुले मात्र सहभागि जनाउन पाउने छन् ।

(ग) रितपूर्वकको आवेदन सहितको व्यवसाय योजना र आवश्यक कागजातहरु पेश भएका व्यवसाय योजनाहरु मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ ।